म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्वृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्षः१६ | अङ्कः- ७६ | २०८१ माघ २० गते आइतबार 2 February 2025, Sunday - | पृष्ठ ४ | मूल्य रु. ५/-

## हेटौंडाबाट हराएका अनमोल भारतमा फेला

हेटौंडाः माघ २ गतेदेखि हराइरहेका हेटौंडा-१६, हटिया निवासी १३ वर्षीय अनमोल सेञ्चुरी फेला परेका छन् । खोजतलास गर्ने क्रममा भारतको रघुनाथपुरमा फेला पारेर अभिभावकको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो । अनमोलका बुबा अर्जुन विश्वकर्माले माघ ३ गते हटिया अस्थायी प्रहरी पोष्टमा छोरा हराएको भन्दै निवेदन दिनुभएको थियो । नेपाल प्रहरी र बाल हेल्पलाइन मकवानपुरको संयुक्त प्रयासले भारतका प्रहरीसँग समन्वय गरेर बालक फेला परेको बताइएको छ ।

# रुपेश र सिन्दिराले जीते राष्ट्रिय बुद्धिचालको उपाधि



पुरस्कार वितरणपछि खिचिएको समूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडाः हेटौँडामा शनिबार सम्पन्न राष्ट्रिय बुद्धिचाल प्रतियोगितामा पुरुषतर्फ रुपेश जैसवाल र महिलातर्फ सिन्दिरा जोशी च्याम्पियन बनेका छन् । नेपाल बुद्धिचाल महासंघले ११ चरणको राउण्ड रोबिन आधारमा प्रतियोगिता आयोजना गरेको हो ।

एक सातासम्म चलेको बुद्धिचाल प्रतियोगितामा रौतहटका रुपेश जैसवाल ९ अंक जोडेर २५ औं राष्ट्रिय चेस च्याम्पियन बन्नुभएको हो । उहाँको यो दोस्रो राष्ट्रिय उपाधि हो । रुपेशले चौथो वरियताबाट खेल प्रारम्भ गर्नुहुँदै सात जीत, चार बर ाबरी खेल्नुभयो । उहाँले आफ्नो व्यक्तिगत रेटिङ्ग २०९३ बाट खेल शुरु गरेर ३०.२ रेटिङ्ग बढाउनुभएको छ । समग्रमा उहाँको उत्कृष्ट रेटिङ्ग पर्फर्मेन्स २२११ रह्यो ।

युवा पुरुषोत्तम सिलवालले टाइब्रेकरका आधारमा दोश्रो बन्दै प्रतिस्पर्धा अन्त्य गर्नुभएको छ । वर्तमान नेपाल च्याम्पियन राजन सुवेदीसँग समान ८.५ अंक बनाउनु भएका पुरुषोत्तमको ३७.२५ टाइब्रेक प्वाइन्ट र राजन ३६.२५ मा सीमित हुनुभयो । झापाका राजन तेस्रो स्थानमा रहनुभयो । मकवानपुरका एफएम क्षितिज भण्डारीले ८ अंक बनाई चौथो स्थान प्राप्त गर्नुभएको छ । दोलखाका आशिष फूँयाल ७ अंक जोडेर पाँचौ स्थानमा रहनुभयो । झापाका सिएम शुश्रुत दहाल ६.५ अंक सहित सातौं, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी ६ अंकसहित आठौं, प्रेमकृष्ण महर्जन नवौं र ललितपुरका सुरोज महर्जन दशौं हुनुभयो ।

नेपाल बुद्धिचाल महासंघको आयोजनामा सञ्चालन भएको १० औं महिला राष्ट्रिय च्याम्पियन सिन्दिरा जोशीले ९ अंक बनाउनुभयो । उहाँले उत्कृष्ट खेल खेल्नुहुँदै उपाधि जोगाउन सफल हुनुभयो । लामो समय चेस खेलमा व्यतित गर्नुभएकी पुनम प्रसाईंले ८ अंक जोडेर दोश्रो स्थान हासिल गर्नुभयो । निकै कडा प्रतिस्पर्धामा झापाकी पुनमले टाइब्रेक प्वाइन्ट ३८.७५ प्राप्त गरी दोस्रो हुनुभएको हो ।

बाँकेकी इशा गिरीले ८ अंक टाइब्रेक प्वाइन्ट ३६.२५ का आधारमा तेस्रो स्थान हासिल गर्नुभयो । उदीयमान इशाले पहिलो प्रयासमा नै नेपाल तृतीय बन्नुभएको हो । काठमाडौंकी एञ्जल महर्जनले समान ८ अंक जोडेर चौथो स्थानमा रहने क्रममा अप्रत्याशित उत्कृष्ट खेल प्रदर्शन गर्नुहुँदै ३५ टाइब्रेक प्वाइन्ट बनाउनुभयो । यसैगरी मोरङकी शान्ति धिमाल ७.५ अंकसहित पाँचौं, झापाकी कृतिसारा अधिकारी ६.५ अंकसहित छैठौं, कीर्तिपुरकी बिनिता कपाली ६ अंकसहित सातौं, बाराकी सुशीला गुरुङ ५.५ अंकसहित आठौं, चितवनकी लक्ष्मी कँडेल नवौं र काठमाडौंकी निहाना श्रेष्ठ दशौं हुनुभयो ।

शनिबार नै महासंघका अध्यक्ष हेर ाकाजी महर्जनको सभाध्यक्षतामा सम्पन्न तथा पुरस्कार वितरण समारोह सम्पन्न भयो । बाग्मती प्रदेश सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्री प्रकाश श्रेष्ठको प्रमुख आतिथ्य रहेको समापन समारोहमा वरिष्ठ खेल पत्रकार कान्तिपुर राष्ट्रिय दैनिकका ध्रुव कुमार तुलाधर र गोरखापत्र अनलाइनका गोविन्द रेग्मीलाई नगदसहित सम्मान गरिएको छ । कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ, साउथ एशियन चेस फेडेरेशनका अध्यक्ष एवम् अल इण्डियन चेस फेडेरेशनका कोषाध्यक्ष धर्मेन्द्र कुमार, महासंघका उपाध्यक्ष श्याम ब्यञ्जनकार, प्रवक्ता राजु ताम्राकार, एफए सोराज ताम्राकार लगायतको उपस्थिति रहेको थियो ।

# जीएस निकेतनका ५ अभिभावकलाई सम्मान

समाज संवाददाता

हेटौँडा : हेटौँडा–५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतन माध्यमिक विद्यालयले २४ औं अभिभावक दिवसको अवसरमा ५ जना अभिभावकलाई सम्मान गरेको छ । शुक्रबार सम्पन्न अभिभावक दिवसको अवसरमा पूर्व प्राथमिक तहतर्फ सन्तोष कुमार अर्याल, कक्षा १ देखि ३ बाट आरती थापा, कक्षा ४ देखि ६ बाट विष्णुकुमारी लामिछाने, कक्षा ७ र ८ बाट मुकुन्द प्रसाद भट्टराई र कक्षा ९ र १० बाट बन्दना आचार्यलाई सम्मान गरिएको हो ।

आफ्ना बालबालिकाको पठनपाठनको विषयमा विद्यालयमा नियमित सम्पर्कमा रहीरहने, आफ्ना बालबालिकाको विषयमा निरन्तर चासो व्यक्त गर्ने अभिभावक मध्येबाट ५ जनालाई सम्मान गरिएको विद्यालयले जनाएको छ । यसअघि विद्यालयले २ जना अभिभावकलाई मात्रै सम्मान गर्दै आएकोमा यस वर्षदेखि तहगत अभिभावक सम्मान गर्न सुरु गरेको प्रिन्सीपल ईश्वर प्रसाद लामिछानेले जानकारी दिनुभयो । यस्तै विद्यालयले उत्कृष्ट शिक्षक र उत्कृष्ट कर्मचारीलाई नगदसहित सम्मान गरेको छ भने उत्कृष्ट विधागत विद्यार्थीलाई पुरस्कृत गरेको छ । विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिला सापकोटाको अध्यक्षता तथा हेटौँडा उपमहानगर पालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्यमा अभिभावक दिवस कार्यक्रम भएको हो । कार्यक्रममा विज्ञान, गणित, सामाजिक, स्वास्थ्य विषयको शैक्षिक प्रदर्शनी रहेको थियो ।

अभिभावक भेलामा प्रिन्सिपल लामिछानेले विद्यालयको शैक्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो । गत वर्ष पालिकास्तरीय परीक्षामा संस्थागत विद्यालयतर्फ जिल्लामा सबैभन्दा बढी 'ए' प्लास ल्याउने ५८ जना र १२ जना विद्यार्थीले ४ जीपीए ल्याउन सफल भएको उहाँले जानकारी दिनुभयो । विद्यालयले करिव ३ सय विद्यार्थीलाई पूर्ण एवम् अंशिक छात्रवृत्ति दिने गरेको प्रिन्सिपल लामिछानेले बताउनुभयो ।

दिवसमा स्वास्थ्य शिविर कार्यक्रमसँगै साँस्कृतिक कार्यक्रम पनि आयोजना गरेको छ । जीएस निकेतनमा १ हजार ५ सय ४८ विद्यार्थी अध्ययनरत् छन् । कार्यक्रममा ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरे, ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देल, १८ नम्बर वडा अध्यक्ष अनिलकुमार बानियाँ, हेटौंडा उपमहानगर पालिकाको शिक्षा विकास महाशाखाका निमित्त प्रमुख हरिचन्द्र सापकोटा, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन मकवानपुरका अधयक्ष विनोद सुवेदी, ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष ऋषिराम पोखरेलको पनि आतिथ्य रहेको थियो ।




# गैंडाको आक्रमणबाट महतोको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको माडी नगरपालिकामा गैंडाको आक्रमणबाट एक जना महिलाको मृत्यु भएको छ । मृत्यु हुनेमा ६० वर्षीया भुतही महतो रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शुक्रबार दिउँसो २ बजेर ४५ मिनेटको समयमा माडी नगरपालिका-१, अमलियामा रहेको जंगलमा घाँस काट्न जाने क्रममा गैंडाले आक्रमण गर्दा महतो घाइते भएकी थिइन् । घाइते महतोको स्थानीय बघौडा अस्पतालमा सामान्य उपचारपश्चात थप उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा महतोको राति १० बजेर १४ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

# संसद छलेर अध्यादेश ल्याउनु व्यवस्थामाथिकै हमलाः महासचिव गुरुङ

समाज संवाददाता

हेटौंडाः नेकपा (माओवादी केन्द्र)का महासचिव देवप्रसाद गुरुङले सरकारले संसदलाई छलेर अध्यादेश ल्याउनु व्यवस्थामाथिकै हमला भएको बताउनुभएको छ । प्रेस सेन्टर नेपाल मकवानपुरले शनिबार हेटौंडामा आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले संसदलाई कमजोर र विस्थापित बनाउन खोजेको आरोप लगाउनुभयो । ३१ वटा कानुनलाई अध्यादेशमार्फत् संशोधन गर्नुले सरकारको नियत नै गलत भएको उहाँको भनाइ छ ।

महासचिव गुरुङले विगतमा प्रचण्ड नेतृत्वको सरकारले थालेको भ्रष्टचार विरोधी अभियानलाई ओली नेतृत्वले सरकारले रातारात उल्टाउने काम गरेको आरोप लगाउनुभयो । जसले देशको लोकतन्त्र र राष्ट्रियतामाथि खतरा पैदा भएको महासचिव गुरुङको धारणा छ । सरकारको सोच र चिन्तनको कारण मुलुक गम्भीर संकटमा फस्दै गएको र अन्तर्राष्ट्रिय राजनीतिमा देखिएको फेरबदलले नेपालको स्वाधिनताको रक्षा गर्न चनौतीपूर्ण देखिएको जिकिर गर्नुभयो । मुलुकको स्वाधिनताको रक्षा गर्न अंगीकार गर्नुपर्ने परराष्ट्र नीतिसमेत सरकारले अंगीकार गर्न नसकेको र सुशासनको नाममा सरकारले भ्रष्टचारी र कमिशनतन्त्रलाई प्रश्रय दिने काम गरेको उहाँले बताउनुभयो । कार्यक्रममा प्रेस सेन्टर नेपाल मकवानपुरका अध्यक्ष एमपी शर्मा, नेकपा माओवादी केन्द्रका सदस्य रामनारायण बिडारी, केन्द्रीय सदस्य कुमारी मोक्तान, नेकपा माओवादी बागमती प्रदेश उपाध्यक्ष प्रेमबहादुर पुलामी, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलान, नेकपा माओवादी मकवानपुरका सचिव बीरबहादुर घलान लगायतको उपस्थिति रहेको थियो ।

# रुखबाट लडेर घाइते बस्नेतको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको कालिका नगर पालिका-९, शक्तिखोरमा रुखबाट लडेर घाइते भएका पुरुषको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा ६२ वर्षीय नेत्रबहादुर बस्नेत रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बुधबार बिहान कालिका जंगलमा घास काट्ने क्रममा रुखबाट लडेर बस्नेत घाइते भएका थिए । घाइते बस्नेतलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । उपचारको क्रममा बस्नेतको शुक्रबार बिहान ११ बजेर ३० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

VACANCY ANNOUNCEMENT

MIHM
MEGHA INSTITUTE OF HOTEL MANAGEMENT
The art of meeting your highest expectations

**Positions:** Receptionist/ Marketing staff/ Accountant (Only female candidate can apply)
**Location:** Megha Institute of Hotel Management, Hetauda-4, Sheetal Mahal Bhavan.
**Employment Type:** Full-time
**About Us:**
***Megha Institute of Hotel Management*** *is a leading institute dedicated to providing high-quality hospitality training, including Diploma in Culinary Arts, Barista, Sushi, Bakery, Bartender, Waitstaff, Housekeeping, Naan-Tandoori, and other cooking courses. We are looking for a dynamic and professional Receptionist, Marketing staff and an Accountant to manage operations and to support our administrative team.*
**Requirements:**
- *Minimum +2 levels completed (Priority for Hotel Management graduates).*
- *Proficiency in MS-Word, Excel, and Photoshop.*
- *Strong communication skills in both Nepali and English.*
- *Basic accounting knowledge (billing, record-keeping, cash handling).*
- *Pleasant personality with a customer-friendly attitude.*

**Responsibilities:**
- *Greet and assist students, visitors, and staff.*
- *Handle phone calls, emails, and inquiries professionally.*
- *Maintain student records, registrations, and course schedules.*
- *Perform basic accounting tasks (fee collection, record maintenance).*
- *Assist in preparing promotional materials using Photoshop.*
- *Support the management team in daily administrative tasks.*

**Benefits:**
- *Attractive salary based on experience.*
- *Professional growth opportunities.*

**How to Apply:** *Interested candidates can visit our office for direct application with their updated CV and a recent photograph.* **Application Deadline: 2081/10/28.**
For more details, contact us: 057-524042
**Join us and be a part of a dynamic hospitality training institute!**



# सम्पादकीय

## प्रदेशमै समन्वयको कमी

नेपालको वर्तमान संविधानले देशमा संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गरेको छ । संघीयता कार्यान्वयनसँगै तीन तहको सरकार सञ्चालनमा रहेको ७ वर्ष भइसके पनि सरकारबीच समन्वयको कमी भइरहेको छ । संविधानले तीनै तहको सरकारबीच समन्वय, सहकार्य र सहअस्तित्वको कल्पना गर्दै प्रत्येक तहको अलगअलग र साझा अधिकारको स्पष्ट व्यवस्था गरेको भए पनि व्यवहारमा लागू हुन सकेको छैन । संघ र प्रदेश सरकारबीच समन्वयको कमी भएको बागमती प्रदेश प्रमुख दीपकप्रसाद देवकोटाले पनि उजागर गरेका छन् । बागमती प्रदेशसभाको सातौं वार्षिकोत्सवलाई सम्बोधन गर्दै प्रदेश प्रमुख देवकोटाले संघसँग काम, कर्तव्य र अधिकारका विषयमा प्रदेश सरकारले गुनासो गरिरहेको बताएका हुन् । प्रदेश र संघबीचका अधिकारका विषयहरुमा समन्वय नहुँदा सेवा प्रवाहमा समस्या भइरहेको छ भने प्रदेश सरकारको काम कारबाही प्रभावकारी बन्न सकिरहेको छैन ।

प्रदेश प्रमुख देवकोटाले प्रदेश सरकारलाई अब गुनासो र बहानाबाजी गर्ने छुट नरहेको बताए पनि संघ र प्रदेश सरकारको कार्यशैलीले निराशा बढाइरहेको छ । प्रदेश संरचनाको बारेमा विभिन्न टीकाटिप्पणी भइरहेको अवस्थामा कार्यसम्पादन मार्फत् जवाफ दिनुपर्ने प्रदेश प्रमुखले बताएका छन् । प्रदेशसभा र प्रदेश सरकारको औचित्य पुष्टी गर्न जरुरी रहेकाले संसद र मन्त्रिपरिषद्को क्रियाशीलताले प्रदेशसभालाई थप प्रभावकारी बनाउन सक्नुपर्ने उनको भनाइ छ । जनसरोकारका विषयहरु प्रदेशसभामा गुञ्जायमान हुन जरुरी रहको प्रदेश प्रमुख देवकोटाले बताए पनि प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरु भने कोठे बैठकमा निर्णय गरेर प्रदेशसभाबाट अनुमोदन गराउन तल्लिन देखिने गरेका छन् । प्रदेशसभामा खुला छलफल गर्नुपर्ने कतिपय विषयमा अन्यत्रै सहमति गरेर प्रदेशसभालाई कर्मकाण्डी बनाउन दलहरु क्रियाशील छन् । सत्तापक्ष र प्रतिपक्ष बाहिर छलफल गरेर भागबण्डा र लेनदेन गर्ने अनि प्रदेशसभामा आएर त्यसलाई औपचारिकता दिने परिपाटीले प्रदेश संरचनालाई कमजोर बनाउने कुरामा दलहरु गम्भीर देखिएका छैनन् ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले प्रदेश सरकार विकास र समृद्धिको यात्रामा अघि बढेको बताए पनि त्यसलाई पुष्टि गर्ने आधार देखिँदैन । प्रदेश सरकारले नीतिगत रुपमा प्रदेशको विकास निर्माणलाई व्यवस्थित गर्ने काम गरिरहेको भने पनि प्रदेश सरकारको बजेट खर्च र सेवा प्रवाह दुबै कमजोर बनिरहेको छ । बजेट विनियोजनलाई व्यवस्थित गर्न वर्षौं अघिदेखि घोषणा भएको आयोजना बैंक निर्माणको काम अझै पूरा भएको छैन भने कार्यान्वयनको अवस्था हेर्न त अझ कति वर्ष कुर्नुपर्ने हो ? थाहा छैन । विगतमा भएका कमीकमजोरीलाई सुधार गरेर अलपत्र आयोजनाहरुलाई उत्पादनमा जोड्नेगरी प्रदेश सरकार अघि बढेको मुख्यमन्त्रीको उद्घोषले प्रदेश सरकार विगतकै कमजोरी सुधार्न प्रयासरत रहेको बुझ्न सकिन्छ । प्रदेश सरकारले आफ्नो औचित्य पुष्टि गर्ने नयाँ काम गर्न कति वर्ष पर्खनुपर्ने हो ? अनिश्चित नै छ ।

संघीय सरकार र प्रदेश सरकारले आवश्यक कानुन निर्माणको काम नै टुङ्ग्याउन सकेको छैन । बनेका कानुनहरु पनि पूर्णरुपमा लागू गर्न सकेको छैन । कानुन बनाउने तर, कार्यान्वयन गर्न नसक्ने भएपछि बारम्बार कानुन संशोधनमै प्रदेश सरकार र प्रदेशसभाले समय बिताइरहेका छन् । बागमती प्रदेशसभाको चालु अधिवेशनमा चारवटा संशोधन विधेयक दर्ता हुनुले यसलाई पुष्टि गर्दछ । अझ, चालु अधिवेशनको पहिलो बैठकमा ती विधेयक पेश हुन नसक्नुले प्रदेशसभाभित्रै पनि समन्वयको कमीलाई उजागर गरेको छ । प्रदेश र संघीय सरकारबीच समन्वयमा कमीले मात्र नभई प्रदेशभित्रै पनि समन्वय कम हुँदा प्रदेश संरचनाको औचित्यमाथि प्रश्न उठिरहेको स्पष्ट हुन्छ । संघ, प्रदेश र स्थानीय सरकारबीच अधिकार बाँडफाँड र कानुन निर्माणमा केही समस्या पक्कै छ । तर, त्योभन्दा बढी समस्या संघीय र प्रदेशका आफ्नै निकायबीच रहेको देखिन्छ । प्रदेश सरकार र प्रदेशसभाबीच समन्वय नहुँदा दर्ता भएको विधेयकसमेत पेश हुन नसकेको बुझ्न कठिन छैन । प्रदेशभित्रै आपसी समन्वय र सहकार्यलाई मजबुत बनाएर संघसँगको समन्वयको कुरा उठाउनु सान्दर्भिक हुने देखिन्छ ।

# महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार १११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

# तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : स्वस्थ शरीर र मन उत्साह भएको समयको योग छ ।
**वृष** : शेयर र करका कामबाट लाभ प्राप्त हुनेछ ।
**मिथुन** : अरुलाई प्रभावित पारेर काम अगाडि बढाइएला ।
**कर्कट** : स्वास्थ्य स्थितिमा अत्यन्त कमजोर रहने समय छ ।
**सिंह** : भावनात्मक एवम् रचनात्मक सरिक भइने छ ।
**कन्या** : बहस र वादविवादमा सरिक भइने समयको योग छ ।
**तुला** : विचार र सम्मानको कदर गरिने योग छ ।
**वृश्चिक** : काममा आराम गर्दा राम्रो रहने समयको योग छ ।
**धनु** : विषयको छलफलमा सरिक भइने र केन्द्रीत भइने योग छ ।
**मकर** : पेशा र व्यावसायिक कामबाट लाभ प्राप्त हुनेछ ।
**कुम्भ** : व्यक्तिगत सुख, सुविधाका लागि खर्च बढ्न सक्ने छ ।
**मीन** : बचतलाई सन्तुलनमा राखेर काम गर्दा राम्रो रहनेछ ।

# ईच्छाशक्ति हुनेहरु किमार्थ हत्तोत्साहित हुँदैन



बिशभ अधिकारी

भरतपुर महानगरपालिका विकासको दृष्टिले अहिले चर्चामा छ । सामाजिक सञ्जाल फेसबुक, टिकटकहरुमा भरतपुर महानगरको फराकिलो बाटोघाटो, बत्ति, ढल व्यवस्थित र आकर्षक शहरको भिडियो प्रशस्त देख्न पाईन्छ । प्राकृतिक श्रोत तथा वित्त आयोगले कार्यसम्पादनको आधारमा भरतपुरलाई उत्कृष्ट महानगरको रुपमा घोषणा गरेको छ । महानगर प्रमुख रेणु दाहाल पहिलो स्थानीय तहको निर्वाचन-२०७४ मा विजयी हुँदै गर्दा मत च्यातिएको घटना चर्चित र आलोचनात्मक रह्यो । तर अहिले यिनले विकासको काम गरेर भरतपुरवासीको मन जितेकी छिन् ।

हेटौंडा भरतपुरको छिमेकी उपमहानगर भित्र पर्छ । हेटौंडा बागमती प्रदेशकै एकमात्र उपमहानगरपालिका हो । भरतपूरको यत्रो विकास हुनु र हामीकहाँ विकास टक्क रोकिएको देख्दा टिठ लागेर आउँ छ । हेटौंडाको मुटु रहेको बजारक्षेत्र अस्तव्यस्त छ । यहाँको बजार साँघुरो र कुरुप छ । बाटो फराकिलो हुन नसक्दा दुघर्टनाको तथ्यांङ्क कहाली लाग्दो छ । हेटौंडाका जनप्रतिनिधिहरुले तीन वर्ष बिताइसके, विवाह ब्रतबन्ध उद्घाटनमा व्यस्त उपमहानगर प्रमुख र उपप्रमुखले हेटौंडाको विकासमा तिब्रता नदिएको आम गुनासो छ । एकजना नगर प्रमुख कस्तो हुन्छ ? कति काम गर्न सक्छ ? उसको अधिकारक्षेत्र कति हो ? बालेन, रेणु दाहाल र हर्क साम्पाङहरूको सक्रियताले देखाउँछ ।

स्थानीय सरकार भएको नाताले ईच्छाशक्ति भयो भने धेरै विकास निर्माण गर्न सकिन्छ । काठमाडौं महानगरमा धेरै नगर प्रमुख भए । तर बालेन जति चर्चामा कोहि रहेनन् । साँघुरो न्यूरोडको पेटि होस वा फूटपाथ वा मापदण्ड मिचेर बनाइएका संरचना वा खोला किनारमा रहेको अव्यवस्थित बसोबास बालेनले आफ्नो तहबाट ईमान्दारीपूर्वक काम गरे । भलै यिनी वर्तमान प्रधानमन्त्रीसँग कति पटक ठोक्किन पुगे । आज काठमाडौं बालेन सिटि नामले पनि चर्चामा छ । त्यस्तै हर्क साम्पाङ घराने जनतालाई खानेपानी उपलब्ध गराउन मरिहत्ते गरेर काम गर्दैछन् । यिनी भर्खर रित्तो गाग्री बोकेर संघीय सरकारको ध्यान आकृष्ट गर्न पुगे । यिनी भन्दै थिए घराने जनतालाई मैले ढुङ्गा हान्न सिकाईन, ढुङ्गा बोक्न सिकाएँ अर्थात श्रम गर्न सिकाएँ, खुट्टा तान्न होईन पाईप तान्न सिकाएँ । यि प्रतिनिधी घटना मात्र हुन् । काम गर्छु भन्ने हुटहुटी भयो भने केहि गर्न सकिन्छ भन्ने सिङ्गै सरकार निरर्थक भैरहेको पृष्ठभूमिमा केहि केहि थान नगर प्रमुखहरुको काम र चर्चाले पनि आनन्दित पार्दो रहेछ ।

हेटौंडा बागमती प्रदेशको राजधानी हो । यहाँ राजधानी सुहाउँदो विकास छैन । यहाँ एकातिर प्रदेश सरकारलाई आवश्यक पर्ने संरचना निर्माण हुन सकेको छैन भने यहाँको साँघुरा सडक राजधानी अनुकुल छैन । कुनै बेला तात्कालिन प्रधानपञ्च निरशंकर श्रेष्ठ हुनुहुँदो रहेछ । उहाँले नै हुप्रचौरको योजना बनाउनु भएको भन्ने सुनिन्छ । बरु त्यतिबेला पछिसम्मलाई हेरेर हुप्रचौरको प्लानिङ गरेको पाएँ, हुप्रचौर क्षेत्रको बाटो खुला र आज जसरी नगर वासी मर्निङ वाक, खेलकुद गर्छन् त्यसले हेटौंडाको सुन्दरता थपेको छ । डोरमणि सरको पालामा निर्माण भएको सहिद स्मारक पर्यटकीय क्षेत्रको रुपमा विकास हुनु पनि ठुलो उपलब्धि हो । तर त्यसपछि हेटौंडामा ठोस काम हुन सकेन । तात्कालिन नगर प्रमुख मधु अधिकारीको पालामा खरिद गरेको टिसिएनको जग्गामा बसपार्क बन्न सकेको छैन । उहाँकै पाला शुभारम्भ गरिएको बासुदेव सभागृह जसको संरचना समेत निर्माण भैसकेको थियो, उक्त बासुदेव सभाहल भत्काईयो । त्यहाँ झापा जस्तो टावर बनाउने भनेर अहिले अलपत्र पारेर छाडिएको छ ।

यहाँ शिक्षा, स्वास्थ्य जस्ता कुरामा हेटौंडा पछाडि छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र जिल्ला अस्पतालको विवाद कायम छ । यो विषय अदालतसम्म पुगेको छ । हेटौंडाबाट केन्द्रिय राजधानी जोड्ने बाटोहरुको अवस्था जर्जर र जोखिमपूर्ण छ । दिनहुँ हजारौं मानिस ओहोर-दोहोर गर्ने छोटो दुरिकै बाटो कुनै राम्रा र गुणस्तर छैन । संविधानले स्थानीय तहलाई सरकारको रुपमा परिभाषित गरेको छ । सरकार भैसकेपछि यस्का आफ्नै नीति, कार्यक्रम, बजेट र योजनाहरु हुन्छन् । एउटा लक्ष्यसहित प्रत्येक आर्थिक वर्षमा आफ्नो सरकारको यो नीति र प्राथमिकता यो हो भनेर अघि बढ्नुपर्ने स्थानीय तहका सरकार हचुवाको भरमा कहाँ कमिशन आउँछ, कहाँ व्यावसायिक टावर बनाउने, ठेक्कापट्टा बिना टेण्डर आफ्ना मान्छेलाई कहाँ दिने, अझ गाउँपालिकामा त ढुंगा बालुवाको व्यापारी नै जनप्रतिनिधि छन् । वडा अध्यक्ष नै एक्साभेटर राखेर भाडामा चलाउँछन् । यस्तो बिडम्वनापूर्ण स्थिती छ ।

हाम्रो विकासका आयोजनाहरूमा गुणस्तरहिन, कमसल मात्र होइन आफूलाई फाईदा नहुने भएपछि काम सम्पन्न नगर्ने प्रवृत्ति देखिन्छ । हुन त जुन मुलुकमा ठेकेदारहरू नै सांसद भएर आउँछन् त्यहाँ विकास निर्माणको काममा कुन हदसम्मको चलखेल हुन्छ भन्ने सहजै बुझ्न सकिन्छ । ठेकेदार पृष्ठभूमिका अधिकांश सांसद जो मूख्यमन्त्री, मन्त्रि भएका छन् ति जिम्वेवारीमा आउँदा स्वार्थ बाझिएको देखिएकै छ । यिनले नै पार्टीलाई सहयोग गर्ने हुँदा यि नेताका प्यारा पनि छन् । यस्तै खाले मान्छे निरन्तर निर्वाचनबाटै आउने निर्वाचन प्रणाली नै गलत छ । खर्चिलो निर्वाचन प्रणालीले मुलुकमा विकृति बढाएको छ । प्रशस्त पैसा खर्च गरेर निर्वाचन जित्ने होडबाजी नै चलेको छ ।

निर्वाचन प्रणाली बेठिक छ तसर्थ ठिक मान्छेको प्रतिनिधित्व हुन सकेको छैन । अधिकांश ठेकदार, व्यापारी नै चुनाव जितेर आउने थिति बन्यो । घोषणापत्र विचार नीतिको प्रतिस्पर्धा भन्दा पैसा जसले खर्च गर्न सक्यो उसैले टिकट पाउने, उसैले निर्वाचन जित्ने अवस्था देखिन्छ । राम्रा र इमान्दार मान्छेहरू क्रमशः राजनीतिबाट पाखा लाग्दैछन् । एकथरि बुढाहरूको राजनीतिमा एक्जिट आर्यघाट पुगेपछि मात्र छ । जसले राजनीतिलाई फोहर थुप्रिएको पोखरी जस्तो बनायो । आजका यूवा पुस्ता जो ठूलो संख्याको रुपमा मतदाता छन् ति निर्णायक पनि छन् । तिनले नयाँ चिन्तन, नयाँ युवा खोज्न थाले । तिनले देश भित्र रोजगारी खोज्न थाले । देश विकास भएको हेर्न खोजे । तर, यो लथालिङ्ग अवस्थाले ति निराश छन् ।

यहि पृष्ठभूमिमा तिनले रवि लामिछानेको अनूहारमा लि क्वान देख्नु, बालेनको मुहारमा महाथिर मोहम्मद देख्नु, दुर्गा प्रसाईको हुँकारमा ट्रम्पको छायाँ देख्नु यो निराशाले निम्त्याएको विकल्पको खोजी हो । यि मानिस आउँदैमा चमत्कार हुने होईन, न कि राजा आउँदैमा पनि रातारात कायापलट हुने हो ? तर जो माथि त्यत्रो आशा गरियो ति बाटै निराश हुँदा जनता आजित भएका मात्र हुन् ।

काम गर्नेहरुका लागि यहि व्यवस्था पनि बाधक छैन । भरतपुर महानगर पालिकाकी प्रमुख त्यसका लागि उदाहरण छिन् । बालेनको ईच्छाशक्ति, हर्कको मिहिनेत र श्रम, कुनै बेलाको केपी ओलिकै राष्ट्रवादी अडान यि प्रशंसनीय कदम हुन् । काम गर्न ईच्छाशक्ति हुँदा परिणामहरु देखिन्छन् । तर पछिल्लो समय भष्ट्राचारले देश थिलथिलो भयो । स्थानीय सरकारदेखि केन्द्र सरकारसम्म भष्ट्राचारको पिरामिड खडा भएको छ । काण्डै काण्डको फाईल चाङ अवस्थामा छ । उसले उसको फाईल खोल्छू भन्यो, धम्कायो, डरले दुई ठूला दल मिल्यो । दुबै मिलेर अर्कोलाई प्रतिशोध साध्यो । यहि चक्रले देशको राजनीति अस्थिरता तर्फ जाँदैछ ।

राजनीति नै अस्थिर भइरह्यो भने त्यसले सबैक्षेत्र प्रभावित हुन्छ । हाम्रा गौरवका आयोजनाले मूर्तरुप पाउन नसक्नुको पछाडि निरन्तरको राजनीतिक तरलता हो । यहि कारणले व्यवस्था परिवर्तनको आवाज उठ्दैछ । संविधान संशोधन गरेर भएपनि व्यवस्था प्रतिको असन्तोषलाई न्यूनीकरण गर्न सक्नुपर्छ तर संशोधन दलीय स्वार्थ केन्द्रित भयो भने त्यसले बिस्फोटक अवस्था पैदा गर्छ । २०८७ सालमा संविधान संशोधन हुन्छ भन्ने प्रधानमन्त्रीले सरकार गठनको जग हल्लाई दिनुभएको छ । अब यो सरकार विघटन भयो भने देशमा चरम निराशा उत्पन्न हुन्छ । व्यवस्थाप्रतिको वितृष्णा झन चूलिन्छ । हामी अस्थिरताको चक्रमा फस्छौं । तसर्थ विकास, शान्ति र स्थीरता चाहने हरेकले सकारात्मक सोचौं । विचार, वाद भन्दा माथि देश छ । देशलाई शिरमा राखेर अघि बढौं । अँध्यारो/निराशजनक अवस्था छ अब केहि हुँदैन भन्ने, जति गरे नि हुँदैन भन्ने हत्तोत्साह बिच पनि साना-साना विकास निर्माणको कुराले पनि पुलकित बनाउँदो रहेछ । न्यूरोडको पेटि फराकिलो बनाउँदा होस् वा भरतपूरको चिल्ला सडक हुन् वा अस्पतालमा सेवाग्राहीले सरलरूपमा उपचार पाउने भयो भन्दा बिछट्टै खुसी हुनुपर्ने अवस्था हो र ? यि त स्वभाविक नियमित गर्नुपर्ने साधारण काम हो नि । तर समाज ओहो भयंकर भयो भन्ने अवस्था मूलुक पुग्नु निराशा कै संकेत हो । ड्यूटी गर्नेले ड्यूटी गर्दा खुसी हुनुपर्ने अवस्था भनेको ड्यूटी गर्नेले ड्यूटी नगरिरहेको अवस्था हो । तसर्थ बेलैमा सचेत होऔं ।

नैतिक, ईमान्दारीपूर्वक मेरो भूमिका जिम्मेवारीको यो हो भनेर कर्तव्यनिष्ठ भएर लागौं । काम गर्न कतै बाधा छैन । ईच्छाशक्ति भए राम्रा काम गरेर देखाउन सकिन्छ । सबैले आ-आफ्नो ठाउँबाट राम्रो गर्दै गए मात्र सकारात्मक सन्देश जान्छ नै । तसर्थ कर्तव्य र देशलाई केन्द्रविन्दुमा राखेर अघि बढौं, निस्काम कर्म गरौं फल आफै आउँछ । अस्तू ।

# सुन्तलालाई नै किन गरियो राष्ट्रिय फल घोषणा ?



विश्वनाथ खरेल

कृषि नेपालको अर्थतन्त्रको मेरुदण्ड हो र बागवानी यस क्षेत्रको महत्वपूर्ण उपसमूह पनि हो । देशमा उब्जाउ हुने विभिन्न फलफूलमध्ये सुन्तला देशको विविध भूगोल र हावापानीअनुसार फरक छ । ८ सयदेखि २ हजार मिटरको उचाइमा रहेको मुलुकको मध्यपहाडी क्षेत्रले सुन्तला खेतीका लागि उपयुक्त अवस्था प्रदान गरेको विज्ञहरूको बताएका छन् । जुन मध्यम तापक्रम, राम्रोसँग निकास भएको माटो र पर्याप्त घामले उच्च गुणस्तरको फल उत्पादन सुनिश्चित गर्छ ।

सिन्धुली र धनकुटाजस्ता जिल्लाहरू सुन्तला खेतीको पर्यायवाची बनेका छन् । यसले सिट्रस उत्पादनको हबका रूपमा ख्याति कमाउँछ । प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता र समृद्ध परम्पराका लागि परिचित नेपालले भर्खरै सुन्तलालाई आफ्नो राष्ट्रिय फलको रूपमा तोकेको छ । २०८० साल चैत ३० गते बसेको मन्त्रिपरिषद् बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रस्तावमा सुन्तलालाई राष्ट्रिय फल घोषणा गर्ने निर्णय गरेको थियो । यस निर्णयले फलफूलको ऐतिहासिक, सांस्कृतिक र आर्थिक महत्वका बारेमा छलफललाई उत्प्रेरित गर्दै आन्तरिक र अन्तर्राष्ट्रिय रूपमा चासो जगाएको छ ।

स्थानीय रुपमा 'सुन्तला' भनेर चिनिने यो फल नेपाली संस्कृति र परम्परामा गहिरो रुपमा गढेर रहेको छ । मध्यपहाडी क्षेत्रको उपोष्ण कटिबन्धीय हावापानी, विशेष गरी धनकुटा, सिन्धुली र रामेछापजस्ता जिल्लामा सुन्तला खेतीका लागि उपयुक्त वातावरण छ । यी क्षेत्रले शताब्दीयौंदेखि सुन्तला उत्पादन गर्दै आएका छन् र फललाई स्थानीय चाडपर्व, अनुष्ठान र दैनिक जीवनमा प्रयोग गरिन्छ । नेपाली परम्परामा सुन्तलाको प्रतीकात्मक स्थान छ । सुन्तला सामान्यतया धार्मिक अनुष्ठानहरुमा प्रयोग गरिन्छ, जसलाई 'पूजा' भनिन्छ, जहाँ तिनीहरूको जीवन्त रंग र मीठो सुगन्धले देवतालाई खुसी पार्ने विश्वास गरिन्छ ।

सुन्तलाले धेरै नेपाली किसानको जीविकोपार्जनमा महत्वपूर्ण आर्थिक योगदान पुऱ्याउँछ । यो फल स्वदेशमा मात्र नभई छिमेकी मुलुक भारत र चीनमा पनि निर्यात हुने गरेको छ । हालैको कृषि तथ्यांकअनुसार सिट्रस खेतीले नेपालको फलफूल निर्यातको ठूलो हिस्सा ओगटेको छ । जसले बहुमूल्य विदेशी मुद्रा ल्याउने र ग्रामीण अर्थतन्त्रलाई टेवा पुऱ्याउँछ । सुन्तला खेतीलाई प्रवर्द्धन गर्ने सरकारका प्रयासहरुमा मलमा अनुदान उपलब्ध गराउने, शीतभण्डार स्थापना गर्ने र किसानलाई आधुनिक बागवानी अभ्यासमा तालिम दिने कुरा समावेश छ । यी पहलले उत्पादन बढाएको छ र नेपाली सुन्तलाको गुणस्तरमा सुधार ल्याएको छ । जसले तिनीहरुलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाएको छ ।

सांस्कृतिक सान्दर्भिकताः सुन्तलाले नेपाली परम्परा र चाडपर्वहरुमा विशेष स्थान राख्छ । अनुष्ठान र उत्सवहरुमा समावेशले सुन्तलाको सांस्कृतिक महत्व दर्साउँछ ।

आर्थिक महत्वः कृषि क्षेत्रमा सुन्तलाको योगदान र निर्यातको सम्भावनाले यसलाई आर्थिक लचिलोपन र ग्रामीण विकासको प्रतीक बनाउँछ ।

वातावरणीय अनुकूलताः सुन्तला नेपालको विविध जलवायु क्षेत्रमा फस्टाउँछ र देशको कृषि सम्भाव्यता प्रदर्शन गर्छ । सुन्तलालाई राष्ट्रिय प्रतीकका रुपमा प्रवर्द्धनले दिगो खेती अभ्यासको महत्वलाई जोड दिन्छ ।

विश्वका धेरै देशले आफ्नो राष्ट्रिय फल तोकेका छन् । यी फलले प्रायः उनीहरुको सम्बन्धित राष्ट्रका लागि सांस्कृतिक, आर्थिक वा ऐतिहासिक महत्व राख्छन् । हाम्रो छिमेकी देश भारतमा फलहरुको राजा भनेर चिनिने आँप भारतीय संस्कृतिमा गहिरो रुपमा निहित छ । यो राष्ट्रको अर्थतन्त्रमा योगदान पुऱ्याउने महत्वपूर्ण कृषि उत्पादन पनि हो । ज्याकफ्रुट विश्वको सबैभन्दा ठूलो रूखमा फल्ने फल हो र बंगलादेशमा व्यापक रुपमा खेती गरिन्छ ।

भारतजस्तै फिलिपिन्सले पनि आँपलाई आफ्नो राष्ट्रिय फलको रुपमा मान्यता दिएको छ । फिलिपिन्स विश्वभर निर्यात हुने मीठो र स्वादिलो आँपका जातका लागि परिचित छ । त्यसरी नै मलेसियामा पपिता एक लोकप्रिय फल हो । देशभर उब्जनी र विभिन्न रुपमा खपत हुन्छ । यो यसको पौष्टिक लाभ र औषधीय गुणका लागि पनि मूल्यवान् छ । यी उदाहरणहरूले प्रत्येक राष्ट्रको अद्वितीय विशेषता र सांस्कृतिक सम्पदा झल्काउने, राष्ट्रिय प्रतीकको रूपमा छनोट गरिएका फलहरुको विविध दायरालाई चित्रण गर्छन् ।

हाम्रो देशको प्राचीन सिल्क रोडको रणनीतिक स्थानले सुन्तलागायत विभिन्न वस्तुको आदानप्रदान गर्न सहज बनायो । देशको अनुकूल हावापानी र उर्वर माटो, विशेष गरी पहाडी तथा

...बाँकी पृष्ठ ३ मा

## नेपाल पानी उद्योग महासंघ गठन

# अध्यक्षमा चेम्जोङ, महासचिवमा हेटौँडाका अधिकारी




तदर्थ समिति गठनपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडा : पानी उत्पादक उद्योगीहरुको छाता संगठनका रुपमा नेपाल पानी उद्योग महासंघ गठन गरिएको छ । बिहीबार हेटौँडामा भएको उद्योगीको प्रारम्भिक भेलाबाट महासंघ गठन गरिएको हो ।

भेलाले बिक्रम लिम्बु चेम्जोङको नेतृत्वमा २३ सदस्यीय तदर्थ समिति समेत गठन गरेको छ। तदर्थ समितिमा हेटौँडाका ध्रुव अधिकारी महासचिव चयन हुनुभएको छ । गत पुस २६ र २७ गते काठमाडौंमा भएको उद्योगीहरुको भेलाले माघ १७ गते हेटौँडामा प्रारम्भिक भेला आयोजना गर्ने निर्णय गरेको थियो । तदर्थ समितिको वरिष्ठ उपाध्यक्षमा भरत बुढाथोकी तथा उपाध्यक्षमा रविन्द्रमोहन अधिकारी, पुरुषोत्तम पाण्डे, रुपचन्द्र नौलखा, सवि कार्की, भुवन लोहनी र बिक्रम मण्डल चयन हुनुभएको छ । महासंघको उपमहासचिवमा रेशा श्रेष्ठ र कोषाध्यक्षमा देवनारायण चौलागाईं चयन हुनुभएको छ ।

महासंघको तदर्थ समिति सदस्यहरुमा सहदेव बोलखे, ज्ञानहरि लामा, अनिल आचार्य, टंक सारु मगर, विष्णु हमाल, पदम राउत, शौरभ मारु, कृष्ण आचार्य, नारायण गिरी, साहिल साह, रक्की लामा र उपेन्द्रकुमार खड्का सर्वसम्मत चयन हुनुभएको छ। देशभर झण्डै ७ सयभन्दा बढि पानी उद्योगहरु सञ्चालनमा रहेका छन् । पानी उद्योगमा १५ अर्ब रुपैयाँभन्दा बढि लगानी रहेको र २२ हजारले प्रत्यक्ष रोजगारी पाएको महासंघले जनाएको छ । रोजगारीमा जोडिएका परिवारबाट ६६ हजारले प्रत्यक्ष लाभ लिएको महासंघको भनाइ छ ।

तदर्थ समितिका संयोजक चेमजोङले सबै उद्योगीको हकहित संरक्षण गर्न र नेपालको पानी अन्तर्राष्ट्रिय बजारमा लैजान पहल गर्न महासंघको स्थापना गर्नुपरेको बताउनुभयो। उहाँले महासंघको पारदर्शितामा प्रश्न उठाउने ठाउँ नरहने गरी तोकिएको समयभित्र प्रथम अधिवेशन गर्नेसमेत बताउनुभयो । उहाँले देशभरका सबै पानी उद्योगीहरुलाई महासंघमा गोलबन्द हुन आग्रह गर्नुभएको छ ।

तदर्थ समितिका महासचिव अधिकारीले धेरै लामो प्रयास र छलफलपछि महासंघको घोषणा गरिएको बताउनुभयो। उहाँले सम्पूर्ण पानी उद्योगीहरुको व्यावसायिकतामा सहयोग गर्न र उद्योगीहरुको हकहित संरक्षण तथा व्यवसायीहरुलाई थप उत्तरदायी बनाउन महासंघको घोषणा गरिएको बताउनुभयो । उहाँले वैज्ञानिक तथा आधुनिक प्रविधिको आधारमा पानी उद्योगहरुको विकास गर्नेसमेत बताउनुभयो। भेलामा प्रदेश, संघ, जिल्ला तहमा रहेका संघ, नगर तथा क्षेत्रीय संघका गरी एक सय बढि उद्योगी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# अक्षरारम्भमा बालबालिकालाई सहभागी गराउन घरदैलो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको बकैया गाउँपालिका-४, स्थित महेन्द्र माध्यमिक विद्यालयले सरस्वती पूजाका दिन अक्षरारम्भ कार्यक्रममा बालबालिकालाई सहभागी गराउने उद्देश्यले घरदैलो कार्यक्रम आयोजना गरेको छ। विद्यालयले शुक्रबार बालबालिकालाई लक्षित गर्दै अक्षरारम्भ कार्यक्रम अन्तर्गत करिब एक सय घरधुरीमा घरदैलो गरेको हो ।

सोमबार सरस्वती पूजाको दिन साना बालबालिकालाई अक्षरारम्भ गराएर निःशुल्क भर्ना गर्ने विद्यालयकी प्रधानाध्यापक देवकी सिग्देलले जानकारी दिनुभयो । स्वस्थ खाजा, व्यवस्थित खेलमैदान र कक्षाकोठा, निःशुल्क स्टेशनरी सामग्रीको व्यवस्था रहेकाले आफ्ना बालबालिकालाई सहभागी गराउन उहाँले अभिभावकलाई आग्रह गर्नुभएको छ। करिब २० बालबालिकालाई अक्षरारम्भ कार्यक्रममा सहभागी गराउने लक्ष्य रहेको उहाँको भनाइ छ ।

घरदैलोको क्रममा कतिपय अभिभावकले व्यस्तताका कारण महङ्गो शुल्क तिरेर निजी विद्यालयमा आफ्ना बालबालिका पढाउन बाध्य रहेको गुनासो गर्नुभएको छ। विद्यालयले आगामी शैक्षिक सत्रबाट बस सेवा सुरु गर्ने तयारी गरेको प्रधानाध्यापक सिग्देलले बताउनुभयो । हाल विद्यालयमा ६ सय ५९ विद्यार्थी अध्ययनरत छन् ।

## सुन्तलालाई नै...

हिमाली क्षेत्रमा भएका कारणले नेपाली कृषिमा यो फलले छुट्टै स्थान पाएको थियो । त्यसैगरी सुन्तलाले नेपाली संस्कृतिमा विशेष स्थान राखेको छ, जसलाई फलको रूपमा मात्र नभई समृद्धि र कल्याणको प्रतीकका रूपमा लिन सकिन्छ ।

सुन्तला प्रायः धार्मिक अनुष्ठान र चाडपर्वहरुमा प्रयोग गरिन्छ र शुद्धता र प्रचुरताको प्रतीक पनि हो । सुन्तलाको प्रयोग दसैं, तिहारजस्ता चाडहरुमा गरिन्छ। दसैंको समयमा कृतज्ञताको प्रतीकका रुपमा देवतालाई सुन्तला चढाइन्छ र आगामी वर्षका लागि आशीर्वाद लिइन्छ। त्यसैगरी तिहारमा सद्भाव र समृद्धिको प्रतीकका रुपमा परिवारका सदस्य र साथीभाइबीच सुन्तला साट्ने गरिन्छ । देशको राष्ट्रिय फलको रुपमा सुन्तलाको छनोटले यसको कृषि महत्वमा गहिरोसँग जरा गाडेको छ । सुन्तला खेतीले मुलुकका धेरै ग्रामीण समुदायको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्छ। ऊष्ण कटिबन्धीयदेखि अल्पाइनसम्मका राष्ट्रको विविध हावापानी भएका क्षेत्रहरूले विभिन्न प्रकारका सुन्तला उब्जाउनका लागि उपयुक्त अवस्था प्रदान गर्छन्। समशीतोष्ण हावापानी भएका मध्यपहाडी क्षेत्र सुन्तला खेतीका लागि उपयुक्त छ। त्यसमा पनि सिन्धुली, धनकुटा र लमजुङ जिल्ला उच्च गुणस्तरको सुन्तला उत्पादनका लागि प्रख्यात छन् । सुन्तला खेती देशका धेरै ग्रामीण परिवारका लागि आयको एक महत्वपूर्ण स्रोत पनि हो । स्थानीय स्तरमा मात्र नभई छिमेकी मुलुकमा पनि निकासी गरी नेपालको विदेशी मुद्रा आर्जनमा फलफूलले योगदान पुऱ्याउने गरेको छ । यसबाहेक सुन्तला खेतीले यातायात, प्याकेजिङ र मार्केटिङजस्ता सम्बन्धित उद्योगलाई समर्थन गर्छ। हजारौं मानिसका लागि रोजगारीका अवसर सिर्जना गर्छ। सुन्तला खेतीले दिगो विकास सुनिश्चित गर्न सम्बोधन गर्न आवश्यक पर्ने धेरै चुनौतीको सामना पनि गर्दछ ।

(स्रोत: कारोबारदैनिक)

श्री मालपोत कार्यालय मकवानपुरबाट मिति २०८१/१०/१५ मा जारी भएको छुट जग्गा दर्ता तथा नामसारीको

हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदक- राम बहादुर राई (आफैं) जग्गावाला-सानो राम बहादुर राई(आफैं)

यसमा जिल्ला मकवानपुर साविक फापरबारी गाविस वडा नं. ५ का निम्नानुसारका जग्गा मरो नाम सानो राम बहादुर राईको नाममा नाप नक्सा भई दर्ता गर्न छुट भएकोमा उक्त जग्गा सानो राम बहादुर राई भन्ने राम बहादुर राईले नै साविक नापीको समय देखि हाल सम्म पनि भोग चलन गर्दै आएकोले मैले नागरिकता प्राप्त गर्दा नाम राम बहादुर राई मात्र नाम कायम हुन गएकोमा यी दुवै सानो राम बहादुर राई र राम बहादुर राई फरक-फरक व्यक्ति नभई म राम बहादुर राई नै भएकोले मेरो नाममा छुट जग्गा दर्ता गरी पाउँ भनि बागमति गाउँपालिका ७ नम्बर वडा कार्यालयको च.नं. ३२ मिति २०८१/०५/१८ को भोगचलन समेत खुलेको छुट जग्गा दर्ता सम्बन्धी सिफारिस पत्र, वडा सर्जमिन मुचुल्का, फरक-फरक नामको एकै व्यक्ति भएको किटानी सिफारिस, साविक लगत, फिल्डबुक उतार तथा नक्सा समेत संलग्न राखी यस कार्यालयमा द.नं.०८१ मिति २०८१/०८/१६ मा छुट जग्गा दर्ता गरी पाउँ भनि माग दावी निवेदन पेश हुन आएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तल उल्लेखित जग्गा निवेदकको नाममा छुट जग्गा दर्ता गरिदिदा अन्य कोही कसैको हक, अधिकार तथा स्वामित्वमा प्रतिकुल असर पर्ने भएमा वा निवेदकको नाममा दर्ता गर्न नमिल्ने भएमा वा निवेदकका माग दावी सत्य नभई झुठा भए वा निवेदक भन्दा बाहेक अन्य कोही हकवाला भए वा निवेदक बाहेक अरु कसैको हकभोग भएको भए वा साँध सधियार तथा सरोकारित व्यक्तिहरुको स्वमित्व लगायतमा प्रतिकुल असर/फरक पर्छ भने वा सरकारी, सार्वजनिक जग्गाहरु, वन जङ्गल, नदि खहरे, भू-संरक्षणका क्षेत्रहरु घुसेको भए वा धार्मिक तथा पुरातात्विक संरचनाहरुलाई असर पर्ने भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको माग बमोजिम भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

**तपसिल**

| सि. नं. | फिल्डबुकको व्यहोरा | | | | | | साविक लगतको विवरण |
|---|---|---|---|---|---|---|---|
| | जग्गावाला | साविक गाविस नपा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल (वि.ज.) | कैफियत/ निवेदक | |
| १ | सानो राम बहादुर राई गा.पं. फापरबारी वडा नं.-५ बावु- रबि राई बाजे- मनिराम | फापरबारी | ५ | ६३६ | १-८-७ | राम बहादुर राई | जिल्ला मकवानपुर, ११८ नं. मौजे-पाथीभरा, रै.नं. २९ को जग्गाधनि सानु राम बहादुर राई |

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# कमाने एकेडेमी/बाल-साहित्य चौतारी

## मेरी आमा

माटोको मिसावटले धमिल्याएको
पानीलाई कञ्चन बनाए जस्तै
मेरो जीवनमा कठिन परिस्थितिलाई पछ्याउँदै
बगाउँदै हिँडिरहेछिन् मेरी आमा

हाम्रा भोको साम्राज्य हटाउन
अन्न बनेर फलिरहेकी छिन् मेरी आमा
उनको सान्निध्यले नै मलाई
पूर्ण र सुरक्षित तुल्याउँछ

उनको ममतामयी आलिङ्गनले
पीडादायी घाउ दुख्न बिर्सन्छु
सधैं प्रेमको च्यादर
ओढाइरहेकी मेरी आमा



प्रिन्सा श्रेष्ठ

रातमा छायाँ
हराएको बेला
झरीका रातहरु हृदयमा
साँचेर बाँचिरहेछन् मेरी आमा

आँखाको आँसु झरिरहेको बेला
ओइलेको भावनाका फूल सजाउँदै
रङ्गीन मसीले सुदुर भविष्य
कोर्न सघाउँदैछिन् मेरी आमा

जीवनको अर्थ बुझाउने
संघर्षको गाथा सुनाउने
हरेक बिम्बभित्रको बिम्ब हौ तिमी
कठिन परिस्थीको सहयात्री हौं तिमी

अग्लो परिस्थितीले पनि सधैं सिकिरहँदो हो
तिमीसँग संघर्षको कथाहरु
बुझ्ने हो र सङ्लिदो हो नदी बनेर
त्यसैले तिमी धन्य हौ आमा

कक्षा-८

## हाम्रो स्कूल

हाम्रो स्कुल राम्रो छ
पढ्न आउने ठाउँ हो ।
गुरुहरुले सिकाउनुहुन्छ
ज्ञानको बाटो खुल्छ ।

किताब कापी लिएर
सबै साथी आउँछौ
खेल्दै पढ्दै रमाइलो गर्छौं
सँगै समय बिताउँछौं ।

हाम्रो स्कूल प्यारो छ ।
सबैलाई माया गरौं
पढ्ने लेख्न सिक्दै नाच्दै
आगामी सपना पूरा गर्छौं ।



सुवानी ढुंगेल

कक्षा-१

## चित्रकला



हरुन मिया
कक्षा-१

## मेरो प्यारो विद्यालय



सायरा थापा

मेरो विद्यालयको नाम कमाने एकेडेमी हो । यो हेटौंडा-८ कमाने रहेको छ । मेरो विद्यालयमा धेरै कोठाहरु छन् । पुस्तकालय, कम्प्युटर कोठा, विज्ञान ल्याब छन् । ठुलो खेल मैदान छ जहाँ म मेरो साथीहरुसँग खेल्ने गर्छु। शिक्षकहरु धेरै सहयोगी र दयालु हुनुहुन्छ । हामी पढाइ बाहेक नृत्य, चित्रकला, गायन पनि गर्छौं । हामीलाई खेलको माध्यमबाट पढाइने गरिन्छ । त्यसैले मलाई सधै विद्यालय जान मनपर्छ । कक्षा-१

## मेरो सानो भाइ

मेरो सानो भाइ
वरपर आई
पापा खान्छु म
भन्छ मलाई

म वर्ष सात
मेरो भाइ दुई
जतिखेर नि मलाई
भन्छ बोक बुद्ध

मैले लाउने लुगालाई
भाइ भन्छ नाना
तोते बोली कति मिठो
पानीलाई माना

किताब-कापी देख्यो कि त
के-के भन्छ साने
आउँदो वर्ष भाइ र म
सँगै स्कूल जाने ।



शिर्षिका थापा

कक्षा-१




साना बालबालिकाहरुको अक्षरारम्भ !
कमाने एकेडेमी
हेटौडा ८
फोन: ०५७-४१२९७७
मोबाइल फोन: ९८५५०५११६६

कक्षा नर्सरीमा निःशुल्क भर्ना !

# वडाध्यक्ष कप भलिबलको उपाधि १२ नम्बर वडाले जित्यो

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१२, पदमपोखरीमा भएको वडाध्यक्ष कप उपमहानगरस्तरीय भलिबल प्रतियोगिताको उपाधि हेटौंडा-१२ ले जितेको छ। बुद्ध माध्यमिक विद्यालयको भलिबल कोर्टमा शनिबार सम्पन्न फाइनल खेलमा हेटौंडा-११ लाई ३-१ को सेटले हराउँदै हेटौंडा-१२ ले उपाधि जितेको हो ।

उपाधिसँगै हेटौंडा-१२ को टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । उपविजेता हेटौंडा-११ को टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । पहिलो सेटमा २५-२२ ले पराजित गरेको हेटौंडा-१२ ले दोस्रो सेटमा हेटौंडा-११ सँग २५-२१ ले पराजित भएको थियो । हेटौंडा-१२ ले तेस्रो र चौथो सेटमा हेटौंडा-११ लाई क्रमश: २५-१६ र २५-१० ले पराजित गरेर उपाधि जितेको हो ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै हेटौंडा-१२ का कुशल तामाङले ३ हजार रुपैयाँ नगद पुरस्कार र ट्रफी प्राप्त गरेका छन् । सर्वोकृष्ट सेटर हेटौंडा-१२ का उत्सव आले मगर, उत्कृष्ट डिफेन्डर हेटौंडा-१२ कै बुद्धिकृष्ण दंगाल र उत्कृष्ट स्पाइकर हेटौंडा-११ का निश्चल आले मगर घोषित हुँदै जनही १ हजार ५ सय रुपैयाँ नगद तथा ट्रफी प्राप्त गरेका छन् । प्रतियोगिता माघ १६ गतेबाट सुरु भएको थियो ।

शनिबारै सम्पन्न भएको पहिलो सेमिफाइनल खेलमा हेटौंडा-६ लाई ३-० को सोझो सेटले हराउँदै हेटौंडा-११ फाइनलमा प्रवेश गरेको थियो भने दोस्रो सेमिफाइनल खेलमा हेटौंडा-१७ लाई ३-२ को सेटले हराउँदै हेटौंडा-१२ फाइनलमा प्रवेश गरेको थियो ।

हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य तथा १२ नम्बर वडा खेलकुद विकास समितिका संयोजक दिनेश चौलागाईंको सभाध्यक्षमा समापन तथा पुरस्कार वितरण कार्यक्रम भएको हो । प्रतियोगिताको समापन समारोहमा ११ नम्बर वडाध्यक्ष जुना दहाल, १२ नम्बर वडाध्यक्ष अर्जुनप्रसाद तिवारी, नारायणी कलेजका प्राचार्य रघुनाथ खराललगायत विभिन्न खेलक्षेत्रमा आवद्ध पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

१२ नम्बर वडा कार्यालयले एक लाख २५ हजार रुपैयाँ सहयोग गरेको प्रतियोगितामा प्रथम पुरस्कार राशि हेटौंडा-१० स्थित नारायणी कलेजले प्रायोजन गरेको थियो । विधागत उत्कृष्ट खेलाडीहरुका लागि पुरस्कारको प्रायोजन लर्डबुद्ध एकेडेमीले गरेको थियो भने उपविजेताका लागि सहप्रयोजकको रुपमा सनराइज बोर्डिङ स्कूल रहेको थियो । प्रतियोगितामा ७ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक मनोज लामा स्याङ्तानले जानकारी दिनुभएको छ ।

# कमाने प्रिमियर लिगको उपाधि कमाने टाइगर्सले जित्यो

समाज संवाददाता

हेटौंडा: कमाने क्रिकेट क्लबको आयोजनामा भएको तेस्रो संस्करणको कमाने प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि कमाने टाइगर्सले जितेको छ । शनिबार हेटौंडा-८ स्थित चन्द्रोदय माध्यमिक विद्यालयको खेलमैदानमा सम्पन्न भएको फाइनल खेलमा कमाने रोयल्सलाई ४ रनले हराउँदै कमाने टाइगर्सको टिमले उपाधि चुम्मेको हो ।

टस हारेर पहिले व्याटिङ्ग गरेको कमाने टाइगर्सले निर्धारित १० ओभरमा सबै विकेटको क्षतिमा ८७ रन जोड्न सफल भएको थियो । युविन बुढाथोकीले सर्वाधिक २१ रन जोडे । बलिङ्गतर्फ कमाने रोयल्सका गौरव खड्का र किशोर खत्रीले समान २/२ विकेट लिएका थिए । जवाफी व्याटिङमा उत्रिएको कमाने रोयल्सले निर्धारित १० ओभरमा ७ विकेटको क्षतिमा ८३ रन मात्र जोडेको थियो । विजय घलानले सर्वाधिक १९ रन जोडेका थिए । बलिङ्गतर्फ टाइगर्सबाट सन्देश भट्टराइले २ विकेट लिए ।

म्यान अफ द म्याच कमाने टाइगर्सका सन्देश भट्टराई घोषित भए । प्रतियोगिताको उपाधि विजेता कमाने टाइगर्सले ५० हजार रुपैयाँ र उपविजेता कमाने रोयल्सले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ । प्रतियोगिताको उत्कृष्ट व्याट्सम्यान कमाने रोयल्सका गौरव खड्का, उत्कृष्ट बलर कमाने बुल्सका कमलेश राउत र इमर्जिङ प्लेयर अफ द टुर्नामेन्ट कमाने अर्नाजका सुलभ पौडेलले जनही २ हजार रुपैयाँसहित ट्रफी प्राप्त गरेका छन् । यस्तै प्लेयर अफ द सिरिज घोषित हुँदै कमाने बुल्सका विष्णु राउतले ३ हजार रुपैयाँ नगद पुरस्कार तथा ट्रफी प्राप्त गरेका छन् ।

प्रतियोगिता आयोजनाका लागि ८ नम्बर वडा कार्यालयले २ लाख रुपैयाँ बजेट छुट्याएको थियो । प्रतियोगिताका लागि प्रथम पुरस्कार जनकपुर बोल्ट्सका मालिक उत्सव सिग्देलले प्रायोजन गर्नुभएको थियो भने म्यान अफ द म्याचको पुरस्कारको प्रायोजन इ प्लानेटका ब्राञ्च म्यानेजर सुमनराज भारती गर्नुभएको छ । गत वर्ष भएको दोस्रो संस्करणको कमाने टी-१० प्रिमियर लिग क्रिकेट प्रतियोगिताको उपाधि कमाने राइडर्सले जितेको थियो । फाइनल खेलमा पहिलो संस्करणको प्रतियोगिताको विजेतासमेत रहेको कमाने हन्टर्सलाई ९ विकेटले हराउँदै राइडर्सले उपाधि चुम्न सफल भएको थियो ।

क्लबका अध्यक्ष किशोर खत्रीको सभाध्यक्षा तथा वडाध्यक्ष रामकृष्ण थापाको प्रमुख आतिथ्यमा समापन तथा पुरस्कार वितरण कार्यक्रम भएको थियो । समापन कार्यक्रममा नेपाल क्रिकेट संघ (क्यान) का केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष करण महत्रा क्षेत्रीको विशिष्ठ आतिथ्य रहेको थियो ।

# योगदानमा आधारित सामाजिक सुरक्षाबारे अन्तरक्रिया

समाज संवाददाता

हेटौंडा: हेटौंडा-४ नम्बर वडा कार्यालयले हेटौंडामा योगदानमा आधारित सामाजिक सुरक्षा सम्बन्धी अन्तर क्रिया कार्यक्रम आयोजना गरेको छ । नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरका अध्यक्ष मुकुन्द न्यौपानेको अध्यक्षता तथा नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष विनोद श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो ।

कार्यक्रममा मन्तव्य राख्नुहुँदै महासंघ अध्यक्ष श्रेष्ठले ५ लाख बढी श्रमजीवीमा मुस्किलले १ लाख जनामात्र योगदानमा आधारित सामाजिक सुरक्षामा जोडिएको बताउनुभयो । शोषण र ठग्न पल्केकाले उक्त कार्यक्रम कार्यान्वयनमा अटेर गर्दै आइरहेको उहाँले आरोप लगाउनुभयो । जसले गर्दा नीति तथा कानुनमा उल्लेख गरिए पनि कार्यान्वयनमा फितलो रहेको उल्लेख गर्नुभयो ।

हेटौंडा-४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले सामाजिक सुरक्षा कोष सरकार को कार्यक्रम रहेको जानकारी दिनुहुँदै उक्त कार्यक्रमका लागि वडाले बजेट विनियोजन गरेको बताउनुभयो । सरकारले पैसा लिन पाउँदैन भनिरहेको अवस्थामा विद्यालयले विभिन्न बहानामा सहयोग शुल्कको नाममा विद्यार्थीसँग शुल्क असुलिरहेको दावी गर्नुभयो । सामाजिक सुरक्षा कोषका उपकार्यकारी निर्देशक कृष्ण अधिकारीले सामाजिक सुरक्षा कोष संवैधानिक प्रतिबद्धता र राज्यको अपरिहार्यता रहेको बताउनुभयो ।

# म्यान मकवानपुरको अध्यक्षमा न्यौपाने

समाज संवाददाता

हेटौंडा : मोबाइल एसोसिएसन अफ नेपाल (म्यान) मकवानपुरको अध्यक्षमा हरिप्रसाद न्यौपाने (सागर) निर्वाचित हुनुभएको छ । शनिबार भएको १३ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशनबाट अर्का आकांक्षी रोहिणीप्रसाद गौतम (गोपाल) लाई हराउँदै न्यौपाने अध्यक्ष पदमा निर्वाचित हुनुभएको हो ।

अध्यक्षमा निर्वाचित न्यौपानेले ७५ मत प्राप्त गर्दै विजयी हुनुहुँदा अर्का आकांक्षी गौतमले ५७ मत प्राप्त गर्दै पराजित हुनुपरेको हो । उपाध्यक्षमा अनिल दास बनियाँले ८२ मत प्राप्त गर्दै विजयी हुनुहुँदा शिवराज बास्तोला ४९ मतसहित पराजित हुनुभएको छ । वरिष्ठ उपाध्यक्षमा राजकुमार दहाल, महासचिवमा मिलन स्याङ्तान, कोषाध्यक्षमा प्रवेश चापागाई, सहकोषाध्यक्षमा पुष्पराज गौतम, सचिवमा सुमन रायमाझी सर्वसम्मत चयन हुनुभएको छ । सदस्यमा एदिस रिजाल, जीवनाथ अधिकारी, पप्पु कुमार केसरी, सन्तोष दाहाल, अदाम हुसेन मंसुरी र निरोज रिमाल सर्वसम्मत चयन हुनुभएको छ । एक सय ३४ जना मतदातामध्ये १३२ मत मात्र खसेको थियो । हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँको प्रमुख आतिथ्य तथा नवराज चौलागाईको सभाध्यक्षमा साधारणसभाको उद्घाटन समारोह भएको थियो ।


## श्री जनज्योति माध्यमिक विद्यालय

हेटौंडा उपमहानगरपालिका १४, मयुरधाप, मकवानपुर

**शिक्षक आवश्यकता**

*(प्रथम पटक प्रकाशित मिति: २०८१/१०/१९)*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको मिति २०८१।१०।१८ को पदपुर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१।१०।१६ को बैठकको निर्णयअनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपुर्तिको लागि योग्य इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रथम पटक प्रकाशित मितिले ७ (सात) दिनभित्र दरखास्त आव्हान सहित विज्ञापन प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | विषय | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०२/०८१/०८२ | विज्ञान | निमावि | राहत करार | १ | अंग्रेजी माध्यमबाट पढाउनुपर्ने |

१. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
२. न्युनमत शैक्षिक योग्यता : विज्ञान मुल विषय लिई १०+२ वा सो सरह उतीर्ण ।
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठ्यक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा
४. तलब भत्ता : नेपाल सरकारको राहत कोटाका लागि तोकिए बमोजिम
५. दरखास्त दस्तुर : रु. १,५००/- (एक हजार पाँच सय मात्र) नेबैली खाता नं. ०२५००१००४४१७९४००००१)
६. दरखास्त दिने अन्तिम दिन : प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र विद्यालय समयमा (२०८१।११।०४ गतेसम्म)
७. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष
८. सम्पर्क मिति : दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ ।
१०. आवश्यक कागजातहरु :
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन-२ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ग) SLC/SEE देखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२ थान
११. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचिकृत भएको उमेदवारहरुले विज्ञापन भएको मितिले ७ दिनभित्रमा निवेदन दर्ता गर्नुपर्नेछ ।
सम्पर्क नं. ९८४५३७३८०४, ९८०४२८५१०८
ईमेल : jjhsshtd@gmail.com

**प्रधानाध्यापक**











समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ